सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय

छोप्राक गोरखा, गण्की प्रदेश

# आ.ब. २०८०/०८१ को बार्षिक प्रगती समिक्षा

## सिरानचोक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

छोप्राक गोरखा

गण्डकी प्रदेश,नेपाल

# बिषय सूचि


शाखा: स्वास्थ्य ........................................................................................................ 2

शिक्षा युवा तथा खेलकुद ........................................................................................................ 3

कृषि विकास ........................................................................................................ 3

पशु सेवा शाखा ........................................................................................................ 6

महिला तथा वालवालिका सामाजिक विकास ........................................................................................................ 7

शाखा: पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन ........................................................................................................ 7

## शाखा: स्वास्थ्य

**प्रमुख उपलब्धिहरु**

१. सबै वडामा जनरल स्वास्थ्य शिविर, विषेशज्ञ तथा स्कृनिङ शिविर संचालन गरि ३८४९ जनाले निःशुल्क जाँच परामर्श तथा अत्यावश्यक औषधि सहितको सेवा प्राप्त गरेको।

२. सिरानचोक गाउँपालिका र गोरखा लायन्स सेवा केन्द्र गोरखाको संयुक्त आयोजनामा पालिका भित्रका १७ वटा विधालयहरुका कुल ११३० बिधार्थिहरुको आँखा जाँच, औषधी वितरण तथा १७५ जना विधार्थिहरुलाई निःशुल्क चस्मा वितरण गरिएको।

३. सिरानचोक गाउँपालिका र कर्मफ्लाइट्स पोखराको संयुक्त आयोजनामा सबै वडाहरुमा निःशुल्क आँखा जाँच, परामर्श, औषधि वितरण र मोतिया बिन्दुको स्कृनिङ शिविर संचालन गरि १४ जना बिरामिहरुलाई आपपिपल अस्पताल लगि मोतिया विन्दुको अपरेशन गरिएको।

४. जेष्ठ नागरिक घरभेट मार्फत प्रत्येक ४-४ महिनामा १ पटक स्वास्थ्यकर्मिहरु वडाका टोल वस्ती र जेष्ठनागरिक तथा अपाङ्गहरुको लागि घर घरमा पुगि स्वास्थ्य जाँच, परामर्श, खाईरहेका औषधि सम्बन्धि फलोअप परामर्श, ब्लड प्रेसर, सुगर, पिसावको परिक्षण मार्फत शारिरीक जाँच तथा अत्यावश्यक औषधिहरु उपलब्ध गराइ ३६०० जेष्ठनागरिक अपाङ्ग तथा अशक्तहरुलाई सेवा प्रदान गरिएको।

५. चिकित्सकको नेतृत्वमा प्रत्येक बडामा चौमासिक घुम्ति चिकित्सक स्वास्थ्य सेवा कार्यक्रम संचालन गरि वडा वडामा चिकित्सकिय सेवा प्रदान, परामर्श तथा औषधि वितरण साथै अपाङ्गता जाँच तथा परामर्श सेवा प्रदान गरिएको।

६. संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत सबै संस्थामा सुत्केरी हुने महिलाहरुलाई नेपाल सरकारको तर्फ बाट उपलब्ध गराईने प्रोत्साहन तथा यातायात खर्च बाहेक पालिकाको तर्फ वाट स्वास्थ्य संस्थालाई रु.१००० र सुत्केरी हुने सबै ४२ जना महिलालाई रु.१००० बराबरको पोषण तथा सरसफाई प्याकेज उपलब्ध गराइएको, गर्भवतिहरुका लागि निःशुल्क १२४ जनालाई भिडियो एक्स रे तथा क्याल्सियम फोलिक टयाबलेट वितरण गरीएको।

७. पालिका अन्तर्गतका ६४ जना सबै स्वयमसेविकाहरुको मनोबल उच्च राख्दै मासिक यातायात तथा खाजा खर्च रु.१०००,मोवाईल संचार खर्च मासिक रु.१०० का दरले नेपाल सरकारको तर्फवाट उपलब्ध गराईने रकम बाहेक थप गरिउपलब्ध गराईएको। उपाध्यक्ष स्वास्थ्य आमा समुह को बैठक संचालन प्रभावकारी बनाउन खाजा खर्च उपलब्ध गराइएको।

८. विपन्न तथा दिर्घ रोगी नागरिकहरुको लागि स्वास्थ्य विमा सहयोग कार्यक्रम मार्फत कुल २८ जनालाई स्वास्थ्य विमा वापतको रकम रु.३५०० का दरले भुक्तानी गरीएको।

९. सिरानचोक गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत महिला १९१८९ र पुरुष १३७२७ गरि जम्मा ३२९१६ जनालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको, गाउँघरक्लिनिक मासिक रुपले प्रत्येक वडाहरुमा जम्मा २१९ वटा क्लिनिक संचालन गरि स्वास्थ्य सेवाको पहुच कम भएको स्थानमा स्वास्थ्यकर्मि पुगी कुल ४००० जनालाई सेवा प्रदान गरिएको, पालिका विभिन्न वडाका गाउँवस्तिमा १९८ वटा खोप केन्द्र संचालन गरि कुल १६१६ जना वालवालिकाहरुलाई खोप सेवा प्रदान गरिएको।

१०. स्वास्थ्य संस्थाहरु वाट न्यून्तम आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक पर्ने अक्सिजन, नेबुलाईजेसन सेवा, अत्यावश्यक औषधि, औजार उपकरण प्रत्येक स्वास्थ्य संस्थालाई उपलब्ध गराईएको

११. पोषण मैत्रि गाउँपालिका कार्यक्रम मार्फत प्राप्त बिषेश अनुदान को कार्यक्रम अन्तर्गत सुनौलो १००० दिनका करिव ४०० महिला तथा लक्षित समुहलाई कृषि तथा पशु सेवा संग सम्बन्धित विउविजन तथा मिनिकिट र लोकल कुखुराको चल्ला वितरण गरिनुका साथै पालिका भित्रका सबै बडाका २ वर्ष सम्मका बालबालिकाहरुलाई तौल अनुगमन, बालभिटा वितरण, ८ वटा स्वास्थ्य संस्थाहरुलाई सुचकहरुको मुल्याङ्कनको आधारमा पोषण मैत्रि स्वास्थ्य संस्था घोषणा गर्ने तथा

थप ४ वटा स्वास्थ्य चौकीहरु थालाजुङ, हर्मि, छोप्राक र गाँखु स्वास्थ्य चौकीमा कुपोषित बच्चा उपचार केन्द्र) OTC) स्थापना गर्ने प्रकृयामा रहेको, फोहोरमैला व्यवस्थापनको लागि सार्वजनिक १३ स्थान र १५ वटा आधारभुत विधालयहरुमा डस्टविन वितरण गरिएको, पानी शुद्धिकरणका लागि वडा तथा स्वास्थ्य संस्थाहरुमा फिल्टर वितरण गरिएको ।

## शिक्षा युवा तथा खेलकुद

**प्रमुख उपलब्धिहरु**

१. आ २०८०।०८१ मा .व.सिरानचोक गाउँपालिकाको आयोजनामा मिति २०८०।०८।१९ देखि मिति २०८०।०८।२१ सम्म गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड कार्यक्रम संचालन गरि पालिका भित्रका १५ वटा मावि विद्यालयबाट विभिन्न . खेलविद्यामा विद्यार्थीहरु सहभागी भई विजेता विद्यार्थीहरुलाई प्रथम द्धितिय, तृतीय र सान्तवना हुने लाई प्रमाणपत्र, पदक, ट्रफी प्रदान गरि गाँउपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको पदक श्री संसारी महेन्द्र माध्यमिक विद्यालयले हासिल गरेको र महेन्द्रलिला मावि द्धितिय, मण्डली माध्यमिक विद्यालय तृतीय र जनकल्याण माध्यमिक विद्यालयले सान्तवना स्थान हासिल गर्न सफल भएका थिए।

२. आ.ब.२०८०।०८१ मा जिल्ला खेलकुद विकास समितिको आयोजनामा जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता कार्यक्रममा मिति २०८०।०९।०६ देखि २०८०।०९।०८ सहभागी भई ९ स्वर्ण ५रजत र १ कास्य सहित सिरानचोक गाँउपालिकाले प्रथम स्थान हासिल गर्न सफल भएको।

३. शैक्षिक सत्र २०८० को आधारभूत तह कक्षा उत्तिर्ण परिक्षा मिति २०८०।१२।२ देखि २०८०।१२।०९सम्म संचालन गरिएको उक्त परिक्षामा जम्मा २६६ जना विद्यार्थीहरु समावेश भएका थिए । र परिक्षाफल मिति २०८०।१२।२५ गते प्रकाशन गरिएको।

४. मिति २०८१।०२।१८ देखि मिति २०८१।०२।१९ सम्म विद्यालयमा IEMIS हेर्ने शिक्षक तथा कर्मचारीहरुका लागि तालिम कार्यक्रम संचालन गरियो।

५. सिरानचोक गाउँपालिका भित्रका सम्पूर्ण प्रअहरुलाई १ दिने SIP लेखाजोखा गोष्ठी कार्यक्रम संचालन गरिएको। एकीकृत पाठ्यक्रम प्रबोधिकरण तालिम आहाल भञ्याङ मावि मा ५ दिन सम्म १३ वटा विद्यालयका २५ जना शिक्षक र परोपकार आदर्श माध्यमिक विद्यालयमा ५ दिन सम्म १३ वटा विद्यालयका २३ जना र अन्तिम दिन प्रअहरुको उपस्थितमा कार्यक्रम सम्पन्न गरिएको।

## कृषि विकास

**प्रमुख उपलब्धिहरु**

**१. सिरानचोक गाउँपालिका कृषि संजाल गठनः**

कृषक समुह क्षैत्र संग आवद्व निकाहरुको संलग्नता र सहकार्यमा सूचना प्रवाह/प्रसार, जनचेतना विकास, तथ्याङ्क संकलन, कार्यक्रम माग, योजना छनोट, कार्यक्रम संचालन, बचत वृद्धि बजारिकरण तथा अनुगमन सहजिकरण गर्नुका साथै कृषक समुह कार्यक्षमता वृद्धि गरी बढी भन्दा सेवा प्रवाहका लागि कृषक समूह सित हातेमालो गरी अगाडी वढ्ने उदेश्यले वडा तथा पालिका स्तरीय कृषि संजाल गठन गरिएको हो ।

**२. आकास्मिक वालि संरक्षण सेवा टेवा कार्यक्रमः**

पालिका भित्रका कृषकहरुले लगाएका वालि नालि हरुमा विभिन्न कारणले हुने क्षतिको रोक थाम गरि उत्पादन वृद्धि गर्न सम्पूरण वडाहरुमा कायक्रम संचालन गरियो ।

**उपलब्धिः**

- कृषकहरुले खेती गरेको धान, मकै, कोदो वालीको रोग, किरा नियन्त्रण गर्न निशुल्क विषादी तथा खाद्यतत्वहरु प्रदान गरिएको ।
- उक्त कार्यक्रम बाट पालिका भित्रका करिव ४०० घर परिवार कृषक लाभान्वित भएको ।

**३. मागको आधारमा आलुको बीउ वितरणः**

आलुको उत्पादन प्रवर्दन गरि कृषकको आएआर्जनमा वृदि गर्न संघिय विशेष अनुदान आलु खेति विस्तार तथा व्यवसायिकरण आयोजना मार्फत सम्पुर्ण वडाहरुमा कायक्रम संचालन गरियो ।

**उपलब्धिः**

- पालिकाको कृषकहरुको मागको आधारमा २७.५ टन आलुको विउ वितरण गरिएको ।
- उन्नत जातको आलु वीउको क्षेत्र विस्तार भएको साथै उत्पादनमा समेत वृद्धि भइ उत्पादित उपज विक्रि गरि कृषकले आम्दानी समेत गरेको देखिएको ।

**४. सुक्ष्म खाद्यतत्व तथा विषादी वितरणः**

आलु खेति विस्तार तथा व्यवसायिकरण आयोजना मार्फत सम्पुर्ण वडाहरुमा कायक्रम संचालन गरियो।

**उपलब्धिः**

- आलुमा वालीमा लागेको डढुवा रोग नियन्त्रण तथा खाद्यतत्वको पुर्ति भएको ।
- सम्पुर्ण वडाहरुको करिव १७०० किसान घरधुरी लाभान्वित भएको ।

**५. आलु खेति प्रविधि,रोगकिराहरु पहिचान तथा व्यवस्थापन सम्बन्धी तालिमः**

आलु खेति विस्तार तथा व्यवसायिकरण आयोजना मार्फत सम्पुर्ण वडाहरुमा कायक्रम संचालन गरियो।

**उपलब्धिः**

- गाउँपालिकाको प्रति वडाबाट ५ जनाका दरले ४० जना किसानलाई दुई ठाउँमा २ दिने तालिम संचालित गरिएको ।
- तालिमले कृषकहरुमा सम्बन्धित क्षेत्रमा थप ज्ञान हासिल भएको ।

**६. उन्नत जातको बिउ ( धान, मकै ) वितरण कार्यक्रः**

मकैको उत्पादन वृदि गर्न पालिकाको सम्पुर्ण वडाहरुमा कृषकको मागमा आधारित कायक्रम संचालन गरियो ।

**उपलब्धिः**

- ५० प्रतिशत अनुदानमा किसानहरुलाई ५.३५ मेट्रिक टन मकैको र ६.५ मेट्रिक टन धानको उन्नत बिउ वितरण गरिएको ।
- उन्नत वीउको प्रयोगले वालीको उत्पादन बढेको साथै क्षेत्र विस्तार भएको।

**७. फलफूल बगैँचा व्यस्थापन कार्यक्रमः**

कृषकको फलफूल वगैचाको ह्रास नियन्त्रण गरि उत्पादन वृद्धि गर्न पालिकाको सम्पुर्ण वडाहरुमा कृषकको मागमा आधारित कायक्रम संचालन गरियो ।

**उपलब्धिः**

- बगैचा व्यवस्थापन सम्बन्धी स्थलगत तालिम सबै वडाहरुमा संचालन गरि करिव १७३ जना कृषकहरु लावान्वित भएका ।
- तालिमले कृषकहरुमा सम्बन्धित क्षेत्रमा थप ज्ञान हासिल भएको साथै कृषकहरुको वगैंचामा सुधार आएको

**८. अलैची पकेट निरन्तरता कार्यक्रमः**

प्रधामन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको आ.व. २०७९/८० को अलैची पकेट निरन्तरता कार्यक्रम कार्यान्वयन प्रतिबद्धता भई वडा न. २ र ७ कार्यक्रम संचालनमा गरियो ।

**उपलब्धिः**

- वडा नं. २ मा १ वटा अलैचि भट्टी र वडा नं ७ मा नर्सरी उत्पादनको लागि ३ वटा सेमि हाईटेक टनेल निर्माण भएको ।

**९. माटो परिक्षण मिनी ल्यावः**

कृषकहरुको माटोको स्वस्थ्य अवस्था थाहा पाउने र अवस्था अनुसारको वालि लगाउने उद्वेश्यले कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- पालिकामा माटो परिक्षण मिनि ल्यावको स्थापना भएको ।
- माटो परिक्षणको लागि कृषकहरुले सेवा पालिकामा नै प्राप्त गरेको

**१०. एक वडा एक वाली विशेष पकेट विकास कार्यक्रमः**

वडा (क्षैत्र) विशेष सम्भावनाको आधारमा वालि उत्पादनको हेतुले विभिन्न वडाहरुमा कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- वडा नं. ३ मा अकवरे, वडा नं. ४ र ५ मा मौरी पकेट र वडा नं. ६ मा तोरी पकेट स्थापना भएको.

**११. साना सिंचाई कार्यक्रम अन्तर्गतः**

खेती योग्य जमिनलाई सिंचित गरी उत्पादन वृद्धि गर्न कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- वडा न २ र वडा न. ७ का दुइ वटा फर्महरुलाई पानी संकलन ट्यांकी निर्माण र वडा नं. २ मा कृषक समुहलाई कुलो निर्माण गरिएको ।
- आलु खेति विस्तार कार्यक्रम अन्तर्गत वडा नं. २, ६, र ८ मा ४ वटा सिचाई योजना सम्पन्न गरियो।

**१२. आधुनिक प्लास्टिक घर निर्माण कार्यक्रमः**

वैमौसममा पनि तरकार उत्पादन गरि वढी आम्दानी लिने हेतुले कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- वडा नं. १, ४, ५, र ६, मा ५ वटा फर्महरुलाई लागत अनुमानको ७० प्रतिशत अनुदान सहयोग गरि ६ वटा आधुनिक प्लास्टिक घर निर्माण गरिएको ।
- कृषक व्यवसायिक्ता तर्फ धल्किएको ।

**१३. कोल्ड रुम निर्माण कार्यक्रमः**

उत्पादनलाई भण्डारण गरि वमौसम वा लामो समय सम्म राखी विक्रि गरि वढी आम्दानी गर्ने उदेश्यले कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- आलु खेति विस्तार तथा व्यवसायीक आयोजना अन्तर्गत वडा नं. २ (थालाजुंग बहुउद्देशयीय सहकारी) र ६ (गाँखु कृषि सहकारी) मा १० टन बराबरको २ वटा कोल्ड रुम निर्माण गरियो ।

**१४. तरकारीको वीउहरु वितरण कार्यक्रमः**पालिकामा तरकारी उत्पादन वृद्धि र उन्नत विउको क्षेत्र विस्तार गर्ने उद्वेश्यले कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- सम्पुर्ण वडाहरुको करिव २४०० कृषक घर परिवारहरुलाई उन्नत जातको तरकारीहरुको विउ वितरण गरिएको।
- उन्नत जातको क्षेत्र विस्तार हुनुको साथै केहि तरकारी विक्रि बाट कृषकको आएमा समेत वद्धि भएको ।

**१५. वडा नं. १ सिचाई योजजनाः**वडा नं. १ मा कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- वडा नं १ मा ६ वटा साना सिचाई कुलो निर्माण तथा मर्मत कार्य सम्पन्न भएको ।

**१६. कृषि यन्त्र/औजार वितरणः**कृषिलाई यन्त्रिकिकरण सग जोडि उत्पादन लागत घटाई बढी मुनाफा कमाउने हेतुले कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- पालिका भित्रका व्यसायिक कृषक, कृषक समुह, कृष फर्महरुलाई ३० वटा मिनिटिलर र ३५ वटा टु ईन वान स्प्रेयर वितरण गरिएको ।
- व्यसायीकरणमा सहजता हुनका साथै उत्पादन लागत कमि भई आएमा वृद्धि ।

**१७. गोला सहित मौरी घार वितरणः**

छिटो र सहज रुपमा नगद आर्जन गरि कृषकको आम्दानी वृद्धि गर्न साथै कृषि वालि नालिमा समेत सेचन प्रकृयामा मदत पुर्याई पर्यावरणको संरक्षण गर्ने हतुले कृषकको माग बमोजिम कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- पालिकाको व्यवसायिक कृषक, कृषि फर्महरुलाई ८८ वटा गोला सहितको मौरी घार वितरण गरियो ।
- प्रत्यक्ष रुपमा कृषकको आएमा वृद्धि देखिएको ।
- यो क्षेत्रमा कृषकहरु बढी आकर्षित देखिएको र व्यवसायिक्ता तर्फ लागेको ।

**१८. मसला वालि विकास कार्यक्रमः**

नगदे वाली विस्तार तथा खेती गरि आम्दानी वृद्धि गर्ने हेतुले कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- वडा नं. ७ का कृषकहरुलाई अदुवा, बेसार र अलैची खेतीको लागि विउ तथा वेर्ना वितरण गरिएको (वडा को कार्यक्रम)

**१९. उखु तथा खेरा खेती कार्यक्रमः** क्षेत्र विस्तार तथा संरक्षण गर्ने हेतुले कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- वडा नं ५ को (जरेवर र थुम्कि) २ ठाउँका कृषकहरुलाई कार्यक्रम प्रदान गरिएको (वडा को कार्यक्रम)

**२०. खालि मौरी घार वितरण कार्यक्रमः**

छिटो र सहज रुपमा नगद आर्जन गरि कृषकको आम्दानी वृद्धि गर्न साथै कृषि वालि नालिमा समेत सेचन प्रकृयामा मदत पुर्याई पर्यावरणको संरक्षण गर्ने हतुले कृषकको माग बमोजिम कार्यक्रम संचालन गरियो ।

**उपलब्धिः**

- वडा नं. ८ को कृषकहरुलाई १८५ वटा खालि घार वितरण गरिएको (वडा को कार्यक्रम)

## पशु सेवा शाखा

**पशुपंक्षि पालककृषक हरुको सिप विकास तालिम कर्यक्रम**

१. ३ दिने ब्यबसायिक बाखा पालन तालिम) १वटा २३ जना बाखापालक कृषकहरुको कसहभागिताम बाखापालन तालिम।

२. पशुपंक्षि पालककृषक हरुको सिप विकास तालिमकर्यक्रम अन्तरगत ३ दिने बंगुर पालन तालिम १ वटा ३० जना ब्यबसायिक बंगुरपालक कृषकहरुको सहभागितामा बंगुरपालन तालिम सम्पनन गरियो ।जसबाट व्यावसायीक कृषकहरुले आफ्ना पशुपालन सम्बन्धी सानातिना समस्याहरु हल गर्न सक्ने क्षमता राख्दछन ।

३. पशु स्वास्थ्य शिविर कार्यक्रम १,३,४,६,७ र८ हरुमा शिबिरस म्पन्न भएको ६२४ जनाकृषक लाभान्वित पशु पंक्षिको आन्तरिक तथा बाहिरी परजीवी बिरुद्द निशुल्क औषधि वितरण,खसी पार्ने, माइनर सर्जरी, जिर्ण रोगहरुको उपचार तथा परामर्स सेबा जस्ता क्रियाकलापहरु भयो ।यो शिविर क्रियाकलापबाट पशु सेवा शाखाको सेवाबाट बन्चित , न्युन आय भएका सामान्य कृषकहरुले पनि उक्त शिविरबाट घरदैलोमै सेवा ग्रहण गरेको पाइयो ।

४. समुदायिक कुकर बन्ध्याकरण कार्यक्रम भ्यालि एनिमल क्लिनिक सङ्गकार्यक्रम गर्नका लागि सम्झौता भएको, गाउँपालिकको बिभिन्न स्थानहरुबाट सामुदायिक कुकुरहरु संकलन गरि वडा नं ४ को चोरकाटेमा बन्ध्याकरण शिबिर सम्पन्न।जम्मा ७८ सामुदायिक कुकुरहरुको बन्ध्याकरणर रेबिज बिरुद्धको खोप लगाइयो,रेविज जस्तो प्राणघातक रोगबाट जनस्वास्थ्यमा पर्नजाने उच्च जोखिम न्युनिकरण हुने देखिन्छ ६ .पशु बिकास तर्फको अन्तरक्रिया तथा गोष्ठी कार्यक्रम।

५. पशुपालक कृषक ,कृषक समूह ,कृषि सहकारी ,पशु पंक्षि फर्म, अगुवा कृषक, सक्रिय ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तथा कृषि उद्यमिहरुको ३५ जनाको सहभागीतामा१ दिने अन्तरक्रिया तथा गोष्ठी कार्यक्रम संचालन गरियो ।

**६. पशु ल्याब तथा सल्यक्रिया कक्ष स्थापना कार्यक्रम** सिरनाचोक गाउपलिकाका सबै वाडारुका पशुपन्छीहरुमा रोगका देखाउदा प्रयोगशाला परिक्षण गरि रोग निदान गरिनेछ ।

**७. भकारो सुधार कार्यक्रम** सिरानचोक गाँउपालिका वडा नं.६ का १३ जना कृषक भकारो सुधार कार्यक्रम बाट लाभान्वित

८. **बाखा प्रवर्धन कार्यक्रमको लागी खोर निर्माण कार्यक्रम** बाखा प्रवर्धन कार्यक्रमको लागी खोर निर्माण कार्यक्रम अन्तरगत सिरानचोक गाँउपालिका अन्तरगत वडा नं .७ र ५ मा २ वटा बाखा खोर निर्माण गरियो ।

९. **बाझोपन निवारण शिविर कार्यक्रम** बझोपन निवारण शिविर कार्यक्रम बाट सिरानचोक गाँउपालिका बिभिन्न वडाका १८ वटा किसानको घर घरमा गई बाझोपनको समस्या भएका गाई÷भैसीहरुको उपचार गरियो ।

१०. **सुनौलो हजार दिनका घरपरिवारलाई कुखुरा तथा खोर निर्माण सहयोग** सिरनाचोक गाउपलिकाका सबै वाडारुका सुनौलो हजार दिनका २१० घरपरिवारलाई कुखुरा चल्ला वितरण गरियो

## महिला तथा वालवालिका सामाजिक विकास

**प्रमुख उपलव्धिहरु**

१. एकल महिलाहरुको लागि जीविकोपार्जन तथा आय आर्जन सम्वन्धी वाटेको धुप बनाउँने सम्वन्धी तालिम
२. एकल महिलाहरुको लागि जीविकोपार्जन तथा आय आर्जन सम्वन्धी वाटेको धुप बनाउँने सम्वन्धी तालिम
३. असमानता न्युनिकरण गर्नका लागि पछाडी परेका समुदायका महिलाहरुको लागिजीविकोपार्जन सम्वन्धी अचार बनाउँने तालिम सम्पन्न।
४. वालश्रम मुक्त वडा घोषणा गर्नका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन।
५. महिलाहरुको लागि व्युटिसियन सम्वन्धी एड्भान्स तालिम कार्यक्रम।
६. महिलाहरुमा दिनप्रति दिन घटेका र घट्न सक्ने आत्म हत्या न्युनिकरण सम्वन्धी सचेतनामुलक तालिम सञ्चालन ।
७. विपन्न महिलाहरुका लागि वेमौसमी फुल खेति कर्यक्रम सम्पन्न।
८. समाजको हरेक निर्णयक तहमा पहुँच सुनिश्चित गरी अगाडी वढ्नको लागि नेतृत्व विकास तथा योजना तर्जुमा सम्वन्धी ५ दिने तालिम सञ्चालन।
९. समाजमा पछाडी परेका विपन्न वर्गहरुको आर्थिक वृद्धि गर्नका लागि स्थानिय श्रोत साधन प्रयोग गरी दुना टपरी वनाउँने तालिम सहित मेशिन हस्तान्तरण कार्यक्रम।
१०. समाजमा भएको लैङ्गिक हिंसा/ विभेद न्युनिकरण गर्नका लागि एकल पुरुषहरुको लागि ३ दिने कानुनी अधिकार सम्वन्धी तालिम सञ्चालन।
११. समाजमा रहेको लैङ्गिक हिंसा न्युनिकरण गर्नका लागि जोडी महिला पुरुषको समान बुझाई सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन ।
१२. सहकारी संस्थाका पदाधिकारीहरु लाई सहकारी व्यवस्थापन सम्वन्धी कार्यक्रम।

## शाखा: पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन

**प्रमुख उपलव्धिहरु**

१. **आवास, भवन तथा सार्वजनिक निर्माण : १०० भन्दा बढी भवन शौचालय पूर्ण तथा आंशिक निर्माण**

२. **सडक तथा यातायात:** ९.७८६ कि.मि सडकको स्तरोन्नति, ८.८ कि.मि सडकको नयाँ ट्र्याक निर्माण कार्य

३. **गोरेटो बाटो :**

- ४.५६ कि.मि ढलान सिढी तथा तेर्सो ढलान निर्माण तथा ७.२८ कि.मि सुख्खा सिढि तथा तेर्सो सोलिङ निर्माण कार्य सम्पन्न।

४. **पर्यटन तथा सांस्कृतिक सम्पदा:**

आ.व २०८०/०८१ मा गाउँपालिकाले पर्यटन तथा सांस्कृतिक सम्पदा विकाशका लागि गरेका कार्यहरु निम्न अनुसार छन् ।

- अजिया मदरसा तला थप् निर्माण कार्य भएको
- २० वटा मन्दिर निर्माण कार्य भएको
- ५ वटा मन्दिर घेरावार निर्माण तथा संरक्षण कार्य भएको
- पाल्ते गुम्वामा रेलिङ र प्यारा पिट वाल निर्माण कार्य भएको
- ३ वटा ऐतिहाशिक स्थानमा पाटि, पौवा ,प्रतिक्षालय निर्माण कार्य भएको
- २ वटा ऐतिहाशिक चौतारा निर्माण कार्य भएको
- ऐतिहाशिक द्रव्य शाह पार्क निर्माण कार्य भएको

- ऐतिहाशिक भाले ढुंगा पार्कमा ८० वटा सेडीर २०० मि स्टिल रेलिङ राखी निर्माण कार्य भएको

-२ वटा चर्च भबन मर्मत तथा चर्च घेरावारको निर्माण कार्य भएको

**५. सिंचाई :**

आ.व २०७९/०८० मा गाउपालिकाको खेतियोग्य जमिन सिंचाइको लागि गरेका कार्यहरु निम्न अनुसार छन् ।

सिंचाई योजना गाउँपालिकाले वातावरण संरक्षण गर्नका लागि गाउँपालिकाले विभिन्न साझेदारी संस्थासँग समन्वय गरि

- १९ मि प्लम कन्क्रिट ढलान गरि कुलो निर्माण कार्य भएको
- ११७२ मि आर.सि.सि. ढलान कुलो निर्माण कार्य भएको
- ११०० मि कच्चा (Earthen) कुलो निर्माण कार्य भएको
- ३९७१ मि पाइप प्रयोग गरि कुलो निर्माण कार्य भएको
- ११३ मि कुलो संरक्षण कार्य भएको

-४ वटा कुलोको इन्टेक निर्माण कार्य भएको

**६. खानेपानी तथा सरसफाई :**

आ.व २०८०/०८१ मा गाउपालिकाले एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइ र अन्य खानेपानी तथा सरसफाई सम्बन्धि गरेका कार्यहरु निम्न अनुसार छन् ।

- एक घर एक धारा कार्यक्रम अन्तरगत ३७७ वटा नयाँ धारा निर्माण कार्य भएको
- २४ वटा पानी इन्टयाङ्क निर्माण तथा मर्मत कार्य भएको
- २३ वटा पानी सङ्कलन टयाङ्क ( RCC ,RVT ) निर्माण तथा मर्मत कार्य भएको
- १३ वटा कुवाँ र मूल निर्माण तथा मर्मत कार्य भएको

-४ वटा ( stone masonry ) सङ्कलन टयाङ्क निर्माण कार्य भएको

-१ वटा (fero cement) सङ्कलन टयाङ्क निर्माण कार्य भएको

-५ वटा ((R.C.C) सङ्कलन टयाङ्क निर्माण कार्य भएको

-२ वटा ढुंगे धरा मर्मत तथा निर्माण कार्य भएको

- १९८ मि खानेपानी टयांकी ,इन्टेक घेरावार निर्माण कार्य भएको

-१ वटा (B.P.T) निर्माण कार्य भएको

- ३५.३१३ कि.मि पाइप प्रयोग गरि खानेपानी निर्माण कार्य भएको

**७. खेलकुद :**

आ.व २०८० /०८१ मा गाउपालिकाले खेलकुद विकासका लागि गरेका कार्यहरु निम्न अनुसार छन् ।

- २४ मि ग्याबिन बक्स राखी भिर्सिंग खेलकुद मैदान खेलमैदानको परिशर क्षेत्र निर्माण कार्य भएको
- २५ मि ग्याबिन बक्स राखी महेन्द्र लिला मा .बि खेलकुद मैदान खेलमैदानको परिशर क्षेत्र निर्माण कार्य भएको
- नयाँ साघु खेल मैदान (८०*४५ मि ) निर्माण कार्य भएको

**८. वातावरण, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन :**

आ.व २०८० /०८१ गाउँपालिकाले वातावरण संरक्षण गर्नका लागि गाउँपालिकाले विभिन्न साझेदारी संस्थासँग समन्वय गरि गाउँपालिका भित्र विभिन्न पहिरो नियन्त्रण, ढल निकाश गर्ने कार्य निम्न अनुसार छन् ।

- चित्रेपोखरी पात्ले नामरुंग गाँखु सडकको ८ मि ग्याबिन बक्स राखी पहिरो नियन्त्रण निर्माण कार्य भएको
- १४४ मि प्लम नाली बनाई भल नियन्त्रण कार्य भएको
- द्रब्य शाह राजमार्ग खण्ड अन्तर्गत चिलाउने खोलामा रेटेनिंग गारो ५ मि र ग्याबिन बक्स ६ मि राखी पहिरो तथा भल बाढी नियन्त्रण
- ३० मि ग्याबिन बक्स राखी जरेबहर खहरे खोला तट्वन्धन निर्माण कार्य भएको
- ३८ मि ग्याबिन बक्स राखी खहरे खोला तट्वन्धन निर्माण कार्य भएको

-१४ मि ग्याबिन बक्स राखी रंगशाला जौवारी पहिरो नियन्त्रण निर्माण कार्य भएको

- ९० मि पक्कि प्लम  नाली दवाडी गाँउ निर्माण कार्य भएको

- दरौदी नदीको  तट्वन्धन कार्य गरि टापु कुलो संचालन गरेको

**ठेक्का/कोटेसनसँग सम्झौता भएको**

१. **आवास, भवन तथा सार्वजनिक निर्माण :**

आ.व २०८०/०८१मा गाउँपालिकाले सेवाग्राहीको सहजताको लागि आवास तथा अन्य सार्वजनिक निर्माण कार्यहरु निम्न अनुसार छन् ।

- वडा न. १,३,८ को वडा कार्यालय भवन थप निर्माण कार्य भएको
- वडा न.१,२ को वडा कार्यालय घेराबार कार्य भएको
- वडा न.३ गेट निर्माण कार्य भएको
- वडा न.४र ७ निर्माण कार्य भईरहेको
- १५ सैया अस्पताल निर्माण तथा घेराबार कार्य भएको

२. **सडक तथा यातायातः**

आ.व २०८०/०८१ मा गाउँपालिकाका विभिन्न सडकहरुको विस्तृत परियोजना निर्माण,नयाँ ट्र्याक निर्माण, स्तरोन्नति जस्ता कार्यहरु निम्न अनुसार  छन् ।

- १.५ कि.मि लम्बाई आर.सि.सि. सडकको ढलान कार्य भएको
- ८५ मि.लम्बाई पि.सि.सि.सडकहरुको ढलान कार्य भएको
- ८९१ मि,लम्बाई one side नालीको कार्य भएको
- २३१० मि.लम्बाई Two side नालीको कार्य भएको
- १२१४६ मि.लम्बाई कच्ची नालीको कार्य भएको
- १७ ओटा Culvert को कार्य भएको
- २९००० मि.लम्बाई सडक स्तरउन्नतिको कार्य भएको
- २००० मि. लम्बाई नयाँ ट्रेक निर्माण कार्य भएको
- १४० मि.लम्बाई  रिटेनिंग वाल निर्माण कार्य भएको
- १८६० मि.लम्बाई ग्रेभलको कार्य भएको
- ३०८ कि.मि.लम्बाई दशैं बाटो सरसफाई भएको

**३.वातावारण ,वातावारण संरक्षण र फोहोरमैला व्यवस्थापन**

- १८ मि.लम्बाई ग्याविन जाली को कार्य भएको